आज मिति २०७६ साल आषाढ महिनाको ६ गते शुक्रबार दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धरज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो।

## तपशिल

| दस्तखत | पदाधिकारीको नाम,थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री परशुराम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| | प्र.प्र.अ.श्री बिदुर सिग्देल | सदस्य-सचिव |
| आमन्त्रित | | |
| | श्री नोल बहादुर थापा | नायबसुब्बा(सहायक पाँचौ ) |
| | श्री मनोज पोखेल | लेखापाल |
| | श्री सन्त बहादुर थापा | स्वकीय सचिव |

प्रस्तावहरू:

१.योजना सम्झौता र पेश्की सम्बन्धमा।

२.आगामी गाउँ सभा एबम पाँचौ अधिबेशन सम्बन्धमा /बजेटको सम्बन्धमा

३.सब इन्जिनियर नियुक्ति अनुमोदन सम्बन्धमा।

४.सुरक्षित आप्रवासन कार्याक्रम संचालन गर्न सेवा प्रदायक संस्था छनौटसम्बन्धि कार्याबिधि २०७६
सम्बन्धमा।

५. बास्तबिक बेरोजगार पहिचानको छनौट सम्बन्धमा ।

६.कामदारको ज्याला सम्बन्धमा।

७.श्रमिक समुहको गठन तथा सो समुहको नेता चयन सम्बन्धमा।

८.बास्तबिक बेरोजगार आयोजनाको बजेट वितरण सम्बन्धमा।

९.कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको उद्घाटन सम्बन्धमा।

१०.गरिब घर परिवार पहिचान एबम परिचय पत्र वितरणको लागि लागि गणकएबम सुपरिबेक्षक भर्ना एबम उक्त कार्यक्रम संग सम्बन्धित सरसमाग्री ट्याब्लेट र अन्य सरसामाग्री खरिद सम्बन्धमा

११.गाउँ पालिका स्तरीय आधारभूत तह कक्षा ८को परिक्षा संचालन गर्दा को खर्च अनुमोदन सम्बन्धमा।

निर्णय नम्बर १ योजना सम्झौता र पेश्की सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाबाट निम्न योजनाहरु समय र लागत काहिसाबले उपभोक्ता समिति मार्फत गराउन उपयुक्त देखिएको हुदा निम्न योजनाहरु उपभोक्ता समितिबाट योजना सम्झौता र सो योजनाहरुको लागि उपलब्ध गराइएको पेश्की रकम तथा भुक्तानी लाइ अनुमोदन गर्ने निर्णय गरियो ।

क)गाउँपालिका केन्द्र को प्रशासनिक भवन निर्माण योजना सम्झौता एबम पेश्की

ख)गाउँपालिका आबस भवन निर्माण योजना सम्झौता एबम पेश्की

ग)गाउँपालिका खानेपानी ब्याबस्थापन योजना सम्झौता एबम पेश्की

घ)चिसापानी प्यार्सिंग पक्कि नाला निर्माण कार्यक्रम योजना सम्झौता पेश्की

न) चिसापानी पक्कि मोटरवबल पक्कि पुल योजना सम्झौता एबम पेश्की

च) गाउँपालिका खानेपानी बिस्तृत योजना परियोजना प्रतिबेदन निर्माण योजना सम्झौता एबम भुक्तानी

छ) गाउँपालिका स्थित बिभिन्न सडकहरुको बिष्तृत परियोजना प्रतिबेदन निर्माण सम्झौता एबम भुक्तानी

ज)धनुबासे सालडाँडा चिसापानी चित्रे सडक निर्माण योजना भुक्तानी ।

झ बैरेनी इन्टरनेट चौतारी गाउँपालिका गुरु योजना निर्माण योजना सम्झौता एबम भुक्तानी लगायत अन्य ।

माथि उल्लेखित योजनाहरु टेन्डर प्रक्रियाबाट संचालन गर्दा समय बढी लाग्ने र कामसमेत समयमा सम्पन्न नहुनेहुदा हुदा र आर्थिक बर्षको नजिक रहेको हुदा उपभोक्ता समिति मार्फत संचालन गर्ने गरि निर्णय गरियो ।

निर्णय नम्बर २ पाचौं गाउँ सभा एबम अधिबेशन सबन्धमा सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको पाचौं गाउँ सभा एबम बजेट अधिबेशन गाउँपालिकाको कार्यालयमा मिति २०७६/०३/१०गते आहवान गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३

प्रस्ताब नम्बर सब इन्जिनियर नियुक्तिका सम्बन्धमा छलफल गर्दा यस कार्यालयमा रित्ता रहेको सब इन्जिनियर पदमा कर्मचारी छनौट समितिबाट छनौट भै नियुक्त भएका श्री दिपेन्द्र खत्रीको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नम्बर ४

प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा सुरक्षित आप्रवासन कार्याक्रम संचालन गर्न सेवा प्रदायक संस्था छनौटसम्बन्धि कार्याबिधि २०७६लाईसंसोधन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नम्बर५

प्रस्ताव न ५. माथि छलफल गर्दा यस गाउँपलिकामाम बिगत समयमा बेरोजगार ब्यात्ति तथा परिवारको लगत संकलनको लागि दरखास्त आवहान गरिएकोमा यस गाउँपालिकाका वडा कार्यालयहरुमा पर्न आएका दरखास्त उपर छानबिन गरि निम्न ब्यात्तिहरुलाई सुचिक्रितगरि श्रमिक समुह बनाउने र प्रति दिन ज्याला रु.७००|दिनेगरी यस पालिका मातहतका निम्न बमोजिमका स्थानहरुमा निम्न काममा .........दिनको लागि लगाउने निर्णय गरियो साथै निम्न वडा हरुमा निम्न महानुभाब हरुलाई नाइकेको रुपमा खटाउने निर्णय गरियो ।

<u>तपशिल</u>

| क स | नाम थर ठेगाना | वडा न. | सम्पर्क न. | कै |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

साथै निम्न ब्याक्तिहरुलाई श्रमिक समुहको नेताको रुपमा काममा लगाउने निर्णय गरियो ।साथै उक्त कार्यक्रमको उद्धाटन मिति २०७६/३/८गते गाउँ पालिकाको कार्यालयमा गर्ने निर्णय गरियो ।

निर्णय न ६

प्रस्ताब न.१० माथि छलफल गर्दा गरिब घर परिवार पहिचान एबम परिचय पत्र वितरणको लागि लागि आबश्यक गणकएबम सुपरिबेक्षक भर्ना एबम उक्त कार्यक्रम संग सम्बन्धित सरसमाग्री ट्याब्लेट र अन्य सरसामाग्री खरिदकार्यालय बाट गर्ने निर्णय गरियो ।

निर्णय न ७

प्रस्ताब न.११ माथि छलफल गर्दा यस हरिनास गाउँ पालिकामा शैक्षिक बर्ष २०७५ मा संचालितगाउँ पालिका स्तरीय आधारभूत तह कक्षा ८को परिक्षा संचालन गर्दा रु १८१४८९.८९कर बाहेकको रकम खर्च भएको हुदा सो खर्च लाइ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न.८

प्रस्ताब न १२ माथि छलफल गर्दा निम्न योजना तथाकार्यक्रमको लागि निम्न बमोजिमको रकम प्रदान गर्ने निर्णय गरियो ।

-बिरुवा महोत्सबको लागि रु २५०००।

-चिसापानी मेला/महोत्सबको लागि ५००००।थप गर्ने ।

-दग्दीछाक्रामोटरबाटो स्तारुन्नती को लागि ५लाख प्रदान गर्ने ।

-सिरिनडाँडा मोटरबाटो स्तर उन्नतिको लागि ६००००।मात्र

-माथिल्लो सहेले बाँध कुलो निर्माण योजनाको लागि ८००००।थप गर्ने ।

अन्त्यमा अध्यक्ष ज्यु बाट उपस्थित सबैलाई धन्यबाद दिदै बैठक समापन गरियो ।